# फेदीखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

फेदीखोला, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०८३/०८४
सूचना नं. ९२

**चार पाङ्ग्रे सवारी साधन भाडामा लिने सम्बन्धी सूचना**
**(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०४)**

फेदीखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको लागि चालु आ.व. २०८३/०८४ मा कार्यालय प्रयोजनको लागि तोकिएको शर्तहरुको अधिनमा रही एक थान चार पाङ्ग्रे सवारी साधन भाडामा लिनुपर्ने भएकोले इच्छुक तथा योग्य व्यक्ति, फर्म वा कम्पनीबाट प्रचलित कानून बमोजिम देहायका कागजात सहित रितपूर्वक सिलबन्दी दरभाउपत्र आव्हानका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना सम्बन्धी विस्तृत जानकारी यस कार्यालयको वेवसाइट www.phedikholamun.gov.np मा उपलब्ध रहेको छ। साथै यस सिलबन्दी दरभाउ आव्हान सम्बन्धी कुनै असहजता/समस्या उत्पन्न भएमा कार्यालयको इमेलः phedikhola174@gmail.com मा पत्राचार गर्न अथवा मोबाइल नं. ९८५६०६६६०३ मा सम्पर्क गरी आवश्यक सहजीकरण प्राप्त गर्न सकिनेछ।

**देहायः**

**दरभाउपत्र साथ व्यक्ति तथा फर्मले पेश गर्नुपर्ने कागजातहरुः**

**१. व्यक्तिको हकमा देहायका कागजत संलग्न राखी दरभाउपत्र पेश गर्नुपर्नेछ :**

क) यस कार्यालयबाट जारी भएको दरभाउपत्र भरी सक्कल फाराम पेश गर्ने (सवारीधनी वा निजले तोकेको प्रतिनिधीले आवश्यक विवरण भरी सहिछाप गरी बुझाउनुपर्ने)

ख) सवारीधनीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी- थान १

ग) सवारी चालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी- थान १

घ) सवारी चालकको सवारी चालक अनुमतिपत्रको प्रतिलिपी (नविकरण भएको)- थान १

ङ) सवारीसाधनको ब्लुबुकको प्रतिलिपी (सवारी साधनको नं., सवारीधनीको नाम, सवारीको किसिम, सवारीको विवरण र सवारीको नविकरण समेत)- थान १

च) सवारीसाधनको तेश्रो पक्ष बिमाको कागजातको प्रतिलिपी- थान १

छ) स्थायी लेखा नम्बर (PAN)

**२. कम्पनी वा फर्मको हकमा माथि उल्लिखित कागजात सहित देहायका थप कागजात पेश गर्नुपर्नेछः**

क) कम्पनी वा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी

ख) आ.व. २०८१/८२ सम्मको करचुक्ताको प्रमाणपत्रको प्रतिलिपी

ग) मु.अ.क. वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी

२०८३/०५/०४

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

# फेदीखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
फेदीखोला, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल


पत्र संख्याः २०८३/०८४

**सवारी साधन भाडामा लिने सम्बन्धी सिलबन्दी दरभाउपत्रदाताले पालना गर्नुपर्ने नियम, सर्त तथा प्रक्रियाहरू:**

यस कार्यालयबाट मिति २०८३/०५/०४ गते प्रकाशित सवारी साधन भाडामा लिने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना बमोजिम दरभाउपत्र पेश गर्न इच्छुक तथा योग्य व्यक्ति, फर्म तथा कम्पनीले देहाय बमोजिमका नियम, सर्त तथा प्रक्रियाहरूको पूर्ण पालना गरी रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ।

**देहायः**

१) दरभाउपत्र खरिदको लागि यो सूचना प्रकाशन भएको मिति देखि १४ (चौध) औं दिन अर्थात मिति २०८३/०५/१७ गते कार्यालय समय भित्र फर्म वा कम्पनी दर्ता तथा नविकरण, भ्याट/प्यान दर्ता, आ.व. २०८१/८२ सम्मको करचुक्ता प्रमाण पत्र, नविकरण भएको सवारी धनी प्रमाण पत्र (ब्लुबुक), सवारी साधन बिमा सहित तपसिलमा उल्लेखित राजश्व खातामा रु. १,०००।०० (एक हजार रुपैयाँ)- जम्मा गरेको सक्कल बैंक भौचर वा नगदी रसिदको आधारमा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

२) दरभाउपत्र पेश गर्दा प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी यो सूचना प्रकाशन भएको १५ (पन्ध्र) औं दिन अर्थात मिति २०८३/०५/१८ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ। रितपूर्वक दर्ता भएका सिलबन्दी दरभाउपत्र सोही दिनको १:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३) कुनै व्यक्ति, फर्म वा कम्पनीको नाममा खरिद भएको दरभाउपत्र अर्को व्यक्ति, फर्म वा कम्पनीको नाममा पेश गर्न पाइने छैन।

४) दरभाउपत्र खरिद वा दाखिला गर्ने अन्तिम मितिको दिन सार्वजनिक बिदा परेमा सम्बन्धित अन्तिम मिति कार्यालय खुलेको लगत्तैको मितिमा सर्नेछ। खरिद गर्ने अन्तिम मिति सरेको अवस्थामा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति पनि सोअनुसार स्वतः सर्नेछ। सो अवस्थामा दरभाउपत्र खरिद वा दाखिला गर्ने अन्तिम समय बुदाँ नं. १ र २ बमोजिम नै हुनेछ।

५) दरभाउपत्र आंशिक वा पूर्ण रुपमा कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

६) रित नपुगेका वा म्याद नाधी आएका वा कुनै शर्त राखि पेश भएका दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

७) राजश्व खाताको विवरण तपसिल बमोजिम उल्लेख गरिएको छ।

**तपसिलः**

बैंकको नामः प्राइम कमर्शियल बैंक लिमिटेड

खाताको नामः ग १.१ आन्तरिक राजश्व खाता फेदीखोला

कार्यालय कोडः ११२५४४१

राजश्व खाता नं.- ०६५०१००००००३०८००१८०

राजश्व शिर्षक नं.:- १४२२९

प्रमुख प्रशासकीय अधिकृत

८) सवारी साधन २०१७ मोडल वा सो भन्दा पछिको र २१५० सी. सी. वा सो भन्दा माथि क्षमता भएको 4WD हुनुपर्नेछ।

९) सवारी साधन कम्तिमा ५ सिट क्षमता भएको हुनुपर्नेछ।

१०) सवारी चालक सवारी धनीले नै उपलब्ध गराउनुपर्नेछ साथै सवारी चालकको तलब, भत्ता, इन्स्योरेन्स वा अन्य कुनै नियमानुसार उपलब्ध गराउनुपर्ने पारिश्रमिक वा सेवा सुविधाहरु सवारीधनी स्वयंले बेहोर्नुपर्नेछ।

११) सवारी साधनमा इन्धन/विद्युत, मर्मत संभार तथा अन्य आवश्यक सम्पूर्ण खर्च सवारी धनी स्वयंको हुनेछ।

१२) सवारी धनीले कार्यालयलाई आवश्यक परेको बखतमा जुनसुकै बखत (सातै दिन/चौविसै घण्टा) सेवा उपलब्ध गराउनुपर्नेछ।

१३) कार्यालयलाई आवश्यकता परेको बखत कुनै कारण सवारी साधन उपलब्ध हुन नसक्ने अवस्थामा सवारी धनीले सो अवधीमा वैकल्पिक सवारी साधनको व्यवस्था गर्नुपर्नेछ।।

१४) दरभाउपत्रदाताले सवारी साधन चलाउन दैनिक आवश्यक पर्ने सवारी चालक खर्च, मर्मत संभार, इन्धन, विद्युत वापतको खर्च सहितको दैनिक भाडा मूल्यको आधारमा मू.अ.कर बाहेकको दररेट पेश गर्नुपर्नेछ र कार्यालयबाट भुक्तानी उक्त दररेटमा मू.अ.कर रकम थप गरी कर बीजकको आधारमा अग्रिम आयकर १.५ प्रतिशत कट्टा गरी व्यक्ति, फर्म वा कम्पनीको बैंक खाता मार्फत मासिक रुपमा गरिनेछ।

१५) सवारी भाडामा लिने अवधि बढीमा २०८४ असार मसान्तसम्म हुनेछ। सेवा सन्तोषजनक नभएमा वा कार्यालयलाई आवश्यक नभएमा कार्यालयले जुनसुकै समयमा सम्झौता रद्ध गर्न सक्नेछ।

१६) सम्झौता अवधि सम्मको लागि सवारी साधन पूर्ण रुपमा कार्यालयको नियन्त्रणमा रहनेछ।

१७) यस सूचनामा उल्लेख नभएका अन्य प्रावधानहरु प्रचलित कानुन बमोजिम हुनेछ।

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत